**...........................................................नियन्त्रण उपभोक्ता समिति.**

**........................को विधान**

**२०७९/०८०**

**प्रस्तवना**

यस.........................................................क्षेत्र वरिपरिको खेतीयोग्य जमिन यस खोलाले कटान गरी क्षति पु¥याईरहेको हँुदा उक्त क्षेत्रमा तारजाली ढुंगा लगाई जनसहभागिता सहित तटबन्ध तथा नियन्त्रण गर्ने यसको मुख्य लक्ष्य रहेको छ ।

## परिच्छेद १ –प्रारम्भ

**१)संक्षिप्त नामः-**

क) संस्थाको नामः- .........................................................................हुनेछ ।

ख) कार्यालय रहने ठेगानाः- ..............................................................मा रहनेछ ।

ग) संस्थाको कार्यक्षेत्रः- ................................................................ले कटान गरेको क्षेत्र रहनेछ ।

**२) परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा प्रयोग भएका शब्दहरुको अर्थ निम्न अनुसार हुनेछ । ऐन भन्नाले यस विधानको उल्लेखित नियमलाई बुझाउनेछ ।

क) “संस्था” भन्नाले ...........................नियन्त्रण उपभोक्ता समिति जनाउनेछ ।

ख) “समिति” भन्नाले संस्था सञ्चालन समितिलाई जनाउछ ।

ग) “समितिका पदाधिकारी” भन्नाले अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरुलाई जनाउछ ।

**३) संस्थाको छाप र चिन्हः-**

क) गोलो घेरामा वरिपरि संस्थाको नाम विचमा खोलाको चित्र र धानको बोट हुनेछ र गोलो घेरामा तलपट्टि ठेगाना र स्थापना मिति हुनेछ ।

## परिच्छेद २ – उद्देश्य

**४) संस्थाको उद्देश्यः-** यस संस्थाको तत्कालका उद्देश्य निम्न लिखित हुनेछन् तर समयको परिवर्तन सँगै उद्देश्यहरु बदलिन सक्नेछन् ।

क) यो संस्था मुनाफा रहित जनहितकारी संस्था हुनेछ ।

ख) कुनै राजनैतिक पूर्वाग्रह रहनेछैन ।

ग) संस्थाले आर्जन गरेको लाभांश बाँडफाँड नगरी माथि उल्लेख भए बमोजिम सामाजिक कार्यमा खर्च गर्ने तथा नदी नियन्त्रण कार्यमा समेत खर्च गर्ने ।

घ) समाज कल्याण ऐन २०४९ बमोजिम समाजका कमजोर असहाय र अशक्त व्यक्तिका लागि सेवा पु¥याउने र समाजका पिछडिएका वर्गलाई आर्थिक एंव सामाजिक रुपमा सक्षम बनाउने किसिमका सामाजिक कार्यक्रम सञ्चालन गर्ने ।

ङ) नदी नियन्त्रण कार्यका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरी नदी नियन्त्रण कार्य अगाडी बढाउने ।

**५) संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः-**

यस संस्थाको उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछः-

क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ ।

ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्युटर, टेलिफोन, टाइपराइटर र पm्याक्स जस्ता कार्यालय समान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्नेछ।

घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ ।

ङ) अन्य आवश्यक कुराहरु गर्नेछ ।

## परिच्छेद ३ – सदस्यता

**६) सदस्यताको बर्गीकरणः-**

क) साधारण ज्ञान

ख) आजीवन सदस्य

ग) मानार्थ सदस्य

**७) सदस्य प्राप्तिको लागि आवश्यक योग्यताः-**

क) संस्थाको हकहित, नीति कार्यक्रम र विधान अनुसार कामहरु गर्न सक्ने व्यक्ति ।

ख) राजनीतिक भेदभाव नराख्ने ।

ग) समाजमा नैतिकताहीन कार्य गरी कलंकित नभएका र मगज नबिग्रेका ।

घ) १६ बर्ष पुगेको नेपाली नागरिक ।

ङ) संस्थाको रकम हिनामिना नगरेको ।

**८) समूहको सदस्य नियुक्ति हुन वा वहाल रहन नसक्ने अवस्था**ः- देहायका कुनै व्यक्ति समुहको सदस्य पदमा नियुक्ति हुन सक्ने छैनः-

क) गैह्रनेपाली नागरिक र १६ बर्ष उमेर पूरा नगरेको ।

ख) मगज बिग्रेको वा बौलाएको ।

ग) दामासाहीमा परेको ।

घ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको एक बर्षभित्र ।

ङ) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ नभएको ।

च) सदस्यता शुल्क बुझाउन बाँकी भएको ।

९) देहायका अवस्थामा कुनै व्यक्ति समुहको सदस्यमा बहाल रहने छैनः-

क) उप–दफा (१) बमोजिम सदस्य पदमा नियुक्ति हुन नसक्ने भएमा ।

ख) साधारण सभाबाट ७५ प्रतिशतको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेको ।

ग) सदस्यले आफ्नो पदबाट राजिनामा दिएको राजिनामा स्वीकृत भएमा ।

घ) संस्थाको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा कुनै व्यक्तिलाई समुहको सदस्यमा नियुक्ति हुन वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि सस्थाले निजलाई सो कुराको सूचना दिई सफाइको सबुद पेश गर्ने मौका दिनुपर्नेछ ।

१०) सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः-

क) साधरण सदस्य शुल्क रु. १००।– तिरि दफा ६, ७ बमोजिमको प्रक्रिया पुरा गरी साधारण सदस्यता प्रदान गरिनेछ ।

ख) मानार्थ सदस्यः- उल्लेख बमोजिम सामाजिक संस्था विकास निर्माणमा मात्र योगदान पु¥याउने व्यक्तिलाई समितिको निर्णय अनुसार मानार्थ सदस्यता र सम्मान गरिनेछ ।

ग) आजीवन सदस्यः- रु. १०००।– भन्दा बढी तिरी दफा ६, ७ को प्रक्रिया पुरा गरी आजीवन सदस्य बन्न सकिनेछ ।

## परिच्छेद – ४

**<u>सभा तथा बैठक सम्बन्धी व्यवस्था</u>**

११) संस्थाको सभा बोलाउने तरिका र सभाको लागि दिनुपर्ने सूचना सम्बन्धि दिनुपर्ने कुराहरु ः

११.१ यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क) बार्षिक साधारण सभा

ख) बिशेष साधारण सभा

११.२ यस संस्थाको प्रथम बार्षिक साधारण सभा स्थापना भएको आ.व. समाप्त भएको मितिले २ महिना भित्रमा गरिनेछ र त्यसपछिका बार्षिक साधारण सभाहरु आ.व. समाप्त भएको मितिले २ महिना भित्र गरिनेछ ।

११.३ यस संस्थाको बार्षिक साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै र बिशेष साधारणसभा गर्नका लागि कम्तिमा ७ दिन अगावै सभा हुने ठाँउ, मिति र छलफल गर्ने बिषय खोलि सबै साधारण सदस्यलाई सुचना दिइनेछ ।

११.४ उपनियम ३ बमोजिम बोलाइएको साधारण सभामा नियम ८ बमोजिमको गुणपुरक संख्या नपुगी सभा हुन नसके कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

**१२) कार्य समितिः-** कार्य समितिको नियुक्ति बार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम बार्षिक साधारण सभा नभएसम्मको लागि निम्न बमोजिम अध्यक्ष, उपध्यक्ष तथा सदस्य रहेको कार्य समिति रहनेछ ।

| | |
|---|---|
| १. अध्यक्ष | १ जना |
| २. उपाध्यक्ष | १ जना |
| ३. कोषाध्यक्ष | १ जना |
| ४. सचिव | १ जना |
| ५. सह सचिव | १ जना |
| ६. सदस्यहरु | ...जना |

ख) यस संस्थामा ..... जनाको कार्य समिति हुनेछ ।

ग) कार्य समितिको कार्यकाल २०७४ साल अषाढ मसान्त सम्म हुनेछ ।

घ) बार्षिक साधारणसभा हुनभन्दा अगावै कुनै कार्य समितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि कार्य समितिका सदस्यको नियुक्ति कार्य समितिद्वारा गर्न सकिनेछ। कुनै सदस्यको पद बिचमा रिक्त भएमा सो पदमा नियुक्ति भएको सदस्यको कार्यकाल सो सदस्यको जुन सदस्य पद रिक्त भई नियुक्त भएको हो सो सदस्य बाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ ।

ङ) कार्य समितिको बैठक आवश्यता अनुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ। जम्मा सदस्य संख्यको २५ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनुपर्नेछ ।

च) कार्य समितिको बैठकमा सदस्य स्वयं उपस्थित हुनु पर्नेछ ।

छ) सदस्यहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठक हुने छैन ।

ज) कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा सदस्यहरुले छानेको सदस्यले अध्यक्ष्यता गर्नेछ ।

झ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयक मत दिन सक्नेछ ।

ञ) कार्य समितिको बैठकमा छलफल भएको बिषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्युट) छुट्टै किताबमा लेखि राख्नुपर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशतले सही गर्नुपर्नेछ ।

ट) माथिको उपनियमहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्य समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्य समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ ।

ठ) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य समितिको निर्णयबाट हुनेछ ।

**परिच्छेद – ५**

काम, कर्तव्य र अधिकार

**१३.१ साधारण सभाको काम कर्तव्य र अधिकार:-**

क) उपभोक्ता समितिको साधारण सभामा नियमित उपस्थित हुने ।

ख) उपभोक्ता समितिको व्यवस्थापन समिति गठन वा निर्वाचन गर्ने ।

ग) उपभोक्ता समितिको कार्यक्रम सञ्चालन गर्ने ।

घ) संस्थाका उद्देश्य तथा नीतिहरु तयार पारी पास गर्ने ।

**१३.२ कार्य समितिको काम, कर्तव्य र अधिकार:-**

क) समितिको उद्देश्य अनुरुप साधारण सभाले पारित गरेको नीति निर्देशन पालन गर्ने ।

ख) उपभोक्ता समितिको बार्षिक कार्यक्रम बनाउने तथा क्रियाकलाप सञ्चालन गर्ने ।

ग) उपभोक्ता समितिको कार्ययोजना बनाई लागु गर्ने ।

घ) संस्थाले तोकेको अधिकारी र समुह समक्ष तोकअनुसार आर्थिक लेखापरिक्षण प्रतिवेदन पेश गर्ने ।

**१३.३ अध्यक्षको काम, कर्तव्य र अधिकार**

क) बैठकको अध्यक्षता गर्ने ।

ख) नीति निर्देशन गर्ने ।

ग) संस्थाको हरहिसाब, कागजात, रेकर्डहरु राख्न लगाउने ।

घ) पत्राचार गर्ने र गर्न लगाउने ।

ङ) बैठकमा बराबर मत भएमा निर्णयक मत दिने ।

च) विधानमा उल्लेखित उद्देश्य पुरा गर्न सहयोग गर्ने ।

**१३.४ उपाध्याक्षको काम, कर्तव्य र अधिकार**

क) अध्याक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

ख) अध्यक्षको काममा सहयोग पु¥याउने ।

ग) अध्यक्ष नभएको अवस्थामा कार्यवाहक अध्यक्षको कार्यभमर सम्हाल्ने ।

घ) विधानमा उल्लेखित उद्देश्य पूरा गर्न अध्यक्षलाई आवश्यक सहयोग गर्ने ।

**१३.५ सचिवको काम, कर्तव्य र अधिकार**

क) अध्यक्षको निर्देशन र कार्य समितिले गरेका निर्णय अनुसार बैठक बोलाउने ।

ख) बैठकको माइन्यूट बुक कागजातहरु व्यवस्थित ढंगले राख्ने ।

ग) बठकको निर्णय प्रमाणित गर्ने ।

घ) बैठकको नीति, निर्णय संस्थाका पदाधिकारी तथा सदस्यहरुलाई जानकारी गराउने ।

ङ) कार्यालय व्यवस्थित ढंगले सञ्चालन गर्ने ।

**१३.६ सह–सचिवको काम, कर्तव्य र अधिकार**

क) सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने ।

ख) सचिवलाई सघाउने कार्यहरु गर्ने ।

**१३.७ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

क) संस्थालाई प्राप्त हुने अनुदान, सहयता, दान, दाताहरुको रेकर्ड राख्ने ।

ख) कार्यकारिणी समितिको निर्णय अनुसार कोषाध्याक्ष र अध्यक्षको संयुक्त दस्खतबाट बैंकमा खाता सञ्चालन गर्ने ।

ग) नेपाल सरकारले अपनाएको प्रणाली बमोजिम लेखाको रेकर्ड राख्ने ।

घ) संस्थाको आयव्यय विवरण स्पष्टसँग राख्ने ।

**१३.८ सदस्यहरुको काम, कर्तव्य र अधिकार**

क) कार्य समितिको बैठकमा उपस्थित हुने ।

ख) संस्थाको उद्देश्य, विधान बमोजिम कार्यक्रम तर्जुमा प्रस्तुत र पारित गर्ने ।

ग) अध्याक्ष, उपाध्याक्ष अनुपस्थितिमा रहेका सदस्यहरुमध्येबाट आफूले छानेको सदस्यको अध्यक्षतामा बैठक गर्ने ।

घ) विधानमा उल्लेखित उद्देश्यहरु पूरा गर्न आवश्यक काम गर्ने ।

**१४) गणपुरक संख्या**ः- कुल सदस्य संख्याको ५१ प्रतिशतको प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुनेछैन । तर विधानको दफा ११ को उपदफा (४) मा उल्लेख भए बमोजिम पुनः बोलइएको साधारण साभामा कुल संस्थापक संख्याको ५१ प्रतिशत प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

**१५) संस्थाको कोष**ः-

१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहनेछन् ।

क) सदस्यता शुल्कबापत प्राप्त रकम

ख) कसैले स्वेच्छाले दिएको रकम

ग) आजीवन सदस्यता स्वरुपको रकम

घ) विभिन्न कार्यक्रम सञ्चालनार्थ सहयोग रकम

ङ) नेपाल सरकारको स्वीकृतमा विभिन्न स्वदेशी तथा विदेशी संघसंस्था वा व्यक्तिबाट प्राप्त दान, दातब्य आदि रकम ।

२. विदेशी संघसंस्थाबाट कुनै अनुदान रकम प्राप्त भए यस समूहले नेपाल सरकारको स्वीकृती लिनेछ ।

**१६) खाता सञ्चालन**ः- संस्थाको अध्यक्ष अनिवार्य हुनुपर्ने र कोषाध्यक्ष वा सचिव दुई मध्ये कुनै एकको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ । प्रचलित ऐन, नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था गरिनेछ ।

**१७) संस्थाको लेखा र लेखापरीक्षण**ः-

१. यस समुहको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

२. संस्थाको लेखापरीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखापरीक्षकबाट हुनेछ ।

३. नेपाल सरकार वा स्थानिय अधिकारीले चाहेमा जुनसुकै बखतपनि संस्थाको हिसाब किताब जाँच्न वा जचाउन सकिनेछ ।

४. लेखा परीक्षकको नियुक्ति बार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम बार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ।

५. लेखापरीक्षकको प्रतिवेदन समाज कल्याण परिषद र जिल्ला प्रशासन कार्यालयमा पेश गरिनेछ ।

## परिच्छेद – ६ निर्वाचन

**१८) निर्वाचन सम्बन्धी व्यवस्थ**ाः- संस्थाका साधारण सदस्यहरुमध्येबाट अध्यक्ष, उपध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्यमा निर्वाचित हुनेछन् ।

क) कार्यकारिणी समितिले एक निर्वाचन अधिकृत नियुक्ति गर्नेछ ।

ख) निर्वाचन गोप्य मतदानद्धरा गरिनेछ ।

ग) निर्वाचन सम्बन्धि सबै प्रक्रिया र नीति, निर्वाचन अधिकृतले तय गर्नेछ ।

घ) संस्था दर्ता भएको १ बर्षभित्र विधान अनुसारको पहिलो निर्वाचन गराई सोको जानकारी स्थानीय अधिकारी समक्ष दिइनेछ ।

ङ) कार्य समितिको रिक्त स्थान पूर्तिः– कुनै पद रिक्त हुन आएमा साधारण सभाको बाँकी अवधिको लागि उपनिर्वाचनद्धरा पदपूर्ति गर्नेछ ।

**१९) उम्मेद्वार हुने योग्यता**ाः- दफा ७ बमोजिम हुनु पर्नेछ ।

**२०) अविश्वासको प्रस्ताव**ाः- सम्पूर्ण सदस्य संख्यको २५ प्रतिशत सदस्यहरुबाट कार्य समितिका पदाधिकारी तथा कुनै सदस्यहरुको काम कारवाहीमा अविश्वासको प्रस्तव आएमा निज उपरको अविश्वासको प्रस्ताव माथि छलफल हुन अघि निजलाई आफ्नो सफाई पेश गर्ने उचित मौका दिई साधारण सभाको दुई तिहाई बहुमतबाट अविश्वासको प्रस्ताव पास भएमा त्यस्ता पदाधिकारी तथा सदस्य सो पदबाट हाट्ने छ ।

**२१) विधान संशोधन**ाः- कूल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन तथा खरेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ। स्थानिय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र समुहको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ।

**२२) विनियम बनाउन सक्ने**ाः- समुहले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सोको जानकारी स्थानिय अधिकारीलाई दिनुपर्नेछ ।

**२३) तदर्थ समिति**ाः- यि संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिनाभित्र विधान अनुसारको निर्वाचन कार्य गर्नका लागि समितिको गठन गनुपर्नेछ । सो अवधिमा कार्य समितिले गरेको कार्यहरु यसै विधान अनुसार भएको मानिनेछ ।

**२४) संस्था खारेजी**ाः-

१.साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

२.उपनियम (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र समूहको हिसाब किताव जाँच गर्नका लागि एक वा एक भन्दा बढी लेखापरिक्षकहरु नियुक्त गर्न सक्नेछन् । लिक्विडेटर र लेखा परीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ।

३. उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखा परीक्षकले संस्था खारेजी सम्बन्धि काम कारवाही गर्नेछन् ।

४. कुनै कारणवश यो संस्था बन्द भएमा यसले आर्जन गरेको चल अचल सम्पति स्वतः नेपाल सरकारको हकमा मानिनेछ ।

**२५) ऐन अनुसार हुने**ः-

यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएका कुराहरु स्वतः निष्कृय हुनेछन् र यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**२६) विविध**ः-

क) यस संस्थाबाट गरिने विकास निर्माण तथा अन्य रचनात्मक क्रियाकलापहरु सञ्चालन गर्दा जिल्ला विकास समिति, नगरपालिका, गा.वि.स. र संघसंस्थाहरुसँग समन्वय गरिनेछ ।

ख)प्रगति प्रतिवेदनः- यस संस्थाको प्रगति प्रतिवेदनहरु बर्ष समाप्त भएको एक महिनाभित्र साधारण सभा गरी जनताको तटबन्ध कार्याक्रम वुटवलमा पेश गर्नु पर्नेछ ।

**२७) हामी**.......................................................................तटबन्ध तथा नियन्त्रण उपभोक्ता समितिका निम्न संस्थापक सदस्यहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहिछाप गर्दछौ ।

**क) कार्य समितिका पदाधिकारीहरु**

| क्र.सं. | पदाधिकारी/सदस्यको पद, नाम थर | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |

८.

९.

१०.

ख) साक्षीको नाम, थर र ठेगाना

१.

२.

३.

४.

५.